नेपाल सरकार

भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय

भूमि व्यवस्थापन तथा अभिलेख विभाग

भूमि व्यवस्थापन तथा अभिलेख विभाग

मालपोत कार्यालय

मालपोत कार्यालय

मालपोत कार्यालय

पत्र संख्या २०८१/८२

सूचना नं.: ४८

मिति: २०८१/०८/१७

ने.सं.११४५ थिंलाथ्व सोमबार

## श्रेष्ता कायम,नामसारीको हकदावी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना

पाल्पा जिल्ला साविक मस्याम-९ हाल तिनाउ-६ निवासी सोम बहादुर सारु, खेम बहादुर सारु, तिल बहादुर सारुले आफ्नो बुवा शेर बहादुर सारु मगरको मिति २०४३।०९।०७ गते, आमा कौशिला सारुको मिती २०४७।०३।१८ मा मृत्यु भएको, मृतक बुवा शेर बहादुर सारु मगरको नाममा दर्ता कायम रहेको पाल्पा जिल्ला साविक **मस्याम-९ कि.नं.१,३** जग्गाको श्रेष्ता कायम नभएको, ज.ध.पुर्जा हराएको र हालसम्म आफैले हकभोग गर्दै आईरहेकोले उक्त कि.नं.को जग्गा मृतक ज.ध. शेर बहादुर सारु मगरको नाममा श्रेष्ता कायम गरी निवेदक ( सोम बहादुर सारु समेत ३) को नाममा संयुक्त नामसारी गरी पाउँ भनी निवेदन गरेको सम्वन्धमा उक्त कि.नं.को जग्गामा निवेदकको हकभोग छ वा छैन? अन्य कोही कसैको हकभोग छ की ? माथि उल्लेखित कि.नं. को जग्गा ज.ध.ले अन्यत्र बेचबिखन वा अन्य तरिकाले हकहस्तान्तरण गरेका छन् वा छैनन्? उक्त कि.नं. को जग्गाको श्रेष्ता कायम हालसम्म किन नगरिएको हो? ज.ध. पुर्जा हेराएको हो वा होईन ?ज.ध.को शेषपछिका हकवाला के कति छन्? निवेदक बाहेक अन्य हकवाला छन्, छैनन् ? मृतक ज.ध. शेर बहादुर सारु मगरको नाममा उक्त कि.नं. को जग्गा श्रेष्ता कायम गरी निवेदक सोम बहादुर सारु समेत ३ को नाममा संयुक्त नामसारी गरिदिंदा अन्य कोही कसैलाई असर पर्छ कि पर्दैन?उल्लेखित जग्गाहरु मृतकका नाममा श्रेष्ता कायम गरी निवेदकका नाममा संयुक्त नामसारी गरिदिन मिल्छ वा मिल्दैन ?निवेदन मागदाबी बमोजिम गरिदिंदा कसैको हकदैयामा असर पर्ने वा श्रेष्ता कायम गरी नामसारी गर्न नमिल्ने भएमा बाटोको म्याद बाहेक ३५ दिन भित्र यस कार्यालयमा सप्रमाण उपस्थित भई निवेदन दिनुहुन यो सार्वजनिक सूचना प्रकाशित गरिएको छ । म्यादभित्र दाबी विरोध नपरेमा प्रचलित कानुन बमोजिम मृतक ज.ध.का नाममा श्रेष्ता कायम भई निवेदकका नाममा संयुक्त नामसारी भई जाने र पछि कोही कसैको उजुर बाजुर नलाग्ने व्यहोरा समेत यसै सूचना माफत सर्वसाधारण सबैका लागि जानकारी गराईन्छ ।

२०८१/८/१५

दुर्गा प्रसाद खनाल

मालपोत अधिकृत

मालपोत अधिकृत